# सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जा खण्डको मर्मतसंभार (खाल्टा-खुल्टीपुर्ने) अभियान संचालन गरिएको बारे

स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलको नेतृत्वमा सिद्धार्थ राजमार्ग अन्तर्गतको स्याङ्जा सडकखण्डमा भएका खा ल्टाखुल्टी पुर्ने तथा मर्मत गर्ने अभियान मिति २०७८/०७/१७ गते सञ्चालन भएको छ ।



प्र.जि.अ. पौडेलको अध्यक्षता र जिल्ला समन्वय समिति ,स्याङ्जाका प्रमुख सीता सुन्दासको प्रमुख आतिथ्यतामा स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायका प्रमुखहरु सहित मिति २०७८/०७/१५ गतेसम्पन्न समन्वय बैठकले उक्त सडकखण्डमा भएका खाल्टाखुल्टी पुर्ने र सडकको मर्मत गर्ने निर्णय गरेको थियो ।



२०७८/०७/१५ गते बसेको सो बैठकबाट स्याङ्जा र कास्कीको सीमाना कुभिण्डेदेखि स्याङ्जा र पाल्पाको सीमाना राम्दीसम्म पर्ने सिद्धार्थ राजमार्गको करिब ८२ किलोमिटर सडक खण्डमा रहेका खाल्टाखुल्टी मर्मत गर्ने निर्णय भए बमोजिम नै २०७८/०७/१७ गते सो अभियान सञ्चालन भएको हो ।२०७८/०७/१७ गते सिद्धार्थ राजमार्गमा पर्ने स्याङ्जा जिल्लाका पाँचवटै स्थानीय तह, सडक डिभिजन कार्यालय र सबै सुरक्षा निकायको सहभागितामा सो अभियान सञ्चालन भएको हो । २०७८/०७/१७ गते सञ्चालित यस अभियानमा विभिन्न पालिका , सडक डिभिजन तथा निजी निर्माण कम्पनी समेतका गरी ९ वटा डोजर-जेसिबी, १४ वटा ट्रिपर , १६ वटा सरकारी कार्यालयका गाडी र अन्य निर्माण उपकरण हरु प्रयोग गरिएको थियो । यस कार्यमा नेपाल प्रहरी , नेपाली सेना र सशस्त्र प्रहरीसहित करिब २०० सुरक्षाकर्मीको परिचालन गरिएकोथियो भने विभिन्न स्थानीय तहका सफाई कर्मचारी , अन्य कर्मचारी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको समेत उल्लेख्य सहभागिता रहेको थियो ।





नेपाल प्रहरी ,सशस्त्र प्रहरी , नेपाली सेनासहित करिब २०० सुरक्षाकर्मीको सहभागितामा सबै पालिकाका निर्माण उपकरण र जनशक्तिको परिचालन गरी बुधबारबाट सिद्धार्थ राजमार्ग सडकखण्ड अन्तर्गतको स्याङ्जाभित्रको कुभिन्डेदेखि राम्दीसम्म ८२ किलोमिटरभित्रका सडकमा रहेका खाल्टाखुल्टी पुर्ने तथा अन्य



आवश्यक मर्मत गर्ने कामको सञ्चालन भएको थियो। यस कार्यमा निजी निर्माण कम्पनीहरुले समेत डोजर र टिप्पर उपलब्ध गराउनुभएको थियो भने उद्योग वाणिज्य सङ्घ स्याङ्जा र वालिङले निर्माणमा खटिएका सुरक्षाकर्मी लगायतलाई खाजाको समेत व्यवस्था गरेका थिए ।